**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**Date: 18.08.2024** **BROADCAST: 18:40 hrs**

**Landslide**

सिङताम नजिक दिपुडाँड़ा, बालुटारमा व्यापक पहिरो जाँदा छहवटा घर प्रभावित बनेका छन्। प्रभावित घरका मालिकहरूमा कालु छेत्री, कूलबहादुर सुब्बा, आनन्द तामाङ, धनराज राई, निरूहाङमा सुब्बा र तरनबहादुर छेत्री रहेका छन्।

यो घटना आज बिहान लगभग सात बजेर तीस मिनटमा घटेको हो। यसबाट सिङताम-डिक्चु मार्गको अवस्था गम्भीर बनेपछि सिङतामबाट डिक्चुतर्फ जाने वाहनहरूलाई अस्थायी समयका लागि दोछुम तर्फ मोड़िएको छ।

गान्तोकका जिल्लापाल श्री तुसार निखारेले खामदोङका प्रखण्ड अधिकारी, खान तथा भूविज्ञानका वरिष्ठ भूवैज्ञानिक, ग्रेफका OC, जिल्ला पञ्चायत एवं अन्यको साथमा घटनास्थलको निरीक्षण गर्नुभयो।

पहिरो प्रभावित घरहरू खाली गरेर पीड़ित परिवारलाई राहत शिविरको रूपमा स्थापित गरिएको बालुटारस्थित NHPC-को अतिथि गृहमा सारिएको छ, जसको जिम्मेवारी खामदोङका प्रखण्ड अधिकारीलाई सुम्पिको छ।

यसका साथै NHPC-का Plant प्रमुखद्वारा टिस्टा चरण पाँच परियोजनाको GIS भवन पहिरोका कारण प्रभावित भएको जानकारी गराइएको छ। दिल्लीको तक्निकी टोलीले अवस्थाको जायजा लिएर NHPC site-को पुनर्बहालको उपायबारे सिफारिस गर्न घटना स्थलको भ्रमण गर्ने बताइएको छ।

यसैबीच, गान्तोकका जिल्लाधीशले प्रखण्ड अधिकारीलाई पहिरोका कारण क्षतिग्रस्त बनेको सड़क पुनर्बहालको कार्य तत्काल शुरू गर्ने निर्देश दिनुभएको छ। प्रखण्ड अधिकारीले पनि जतिसक्तो छिटो सड़क मार्गलाई सुचारू गर्ने आश्वासन दिनुभयो।

खान एवं भूविज्ञान विभागलाई अल्पकालिक र दीर्घकालिक पुनर्बहालीको कार्यको सुझाउ दिँदै पहिरोको विस्तृत अनुसन्धान गर्न थप निर्देश दिइएको छ।

---------------------------------------X---------------------------------------

**Landslide**

सिङताम नजिक दिपुडाँड़ा, बालुटारमा व्यापक पहिरो जाँदा छहवटा घर प्रभावित बनेका छन्। प्रभावित घरका मालिकहरूमा कालु छेत्री, कूलबहादुर सुब्बा, आनन्द तामाङ, धनराज राई, निरूहाङमा सुब्बा र तरनबहादुर छेत्री रहेका छन्।

यो घटना आज बिहान लगभग सात बजेर तीस मिनटमा घटेको हो। यसबाट सिङताम-डिक्चु मार्गको अवस्था गम्भीर बनेपछि सिङतामबाट डिक्चुतर्फ जाने वाहनहरूलाई अस्थायी समयका लागि दोछुम तर्फ मोड़िएको छ।

गान्तोकका जिल्लापाल श्री तुसार निखारेले खामदोङका प्रखण्ड अधिकारी, खान तथा भूविज्ञानका वरिष्ठ भूवैज्ञानिक, ग्रेफका OC, जिल्ला पञ्चायत एवं अन्यको साथमा घटनास्थलको निरीक्षण गर्नुभयो।

पहिरो प्रभावित घरहरू खाली गरेर पीड़ित परिवारलाई राहत शिविरको रूपमा स्थापित गरिएको बालुटारस्थित NHPC-को अतिथि गृहमा सारिएको छ, जसको जिम्मेवारी खामदोङका प्रखण्ड अधिकारीलाई सुम्पिको छ।

यसका साथै NHPC-का Plant प्रमुखद्वारा टिस्टा चरण पाँच परियोजनाको GIS भवन पहिरोका कारण प्रभावित भएको जानकारी गराइएको छ। दिल्लीको तक्निकी टोलीले अवस्थाको जायजा लिएर NHPC site-को पुनर्बहालको उपायबारे सिफारिस गर्न घटना स्थलको भ्रमण गर्ने बताइएको छ।

यसैबीच, गान्तोकका जिल्लाधीशले प्रखण्ड अधिकारीलाई पहिरोका कारण क्षतिग्रस्त बनेको सड़क पुनर्बहालको कार्य तत्काल शुरू गर्ने निर्देश दिनुभएको छ। प्रखण्ड अधिकारीले पनि जतिसक्तो छिटो सड़क मार्गलाई सुचारू गर्ने आश्वासन दिनुभयो।

खान एवं भूविज्ञान विभागलाई अल्पकालिक र दीर्घकालिक पुनर्बहालीको कार्यको सुझाउ दिँदै पहिरोको विस्तृत अनुसन्धान गर्न थप निर्देश दिइएको छ।

---------------------------------------X---------------------------------------

**Bhasha Manyata Dewash**

नेपाली साहित्य परिषद सिक्किमको तत्वावधानमा तेंतीसौं नेपाली भाषा मान्यता दिवस आज भव्यताका साथ पालन गरियो। राजधानी गान्तोकको मनन केन्द्रमा सम्पन्न समारोहमा वरिष्ठ संगीतकार श्री बसन्त छेत्रीलाई वर्ष 2024-को कञ्चनजंघा मित्रसेन स्मृति पुरस्कारले सम्मानित गरियो। यसैगरी सिक्किम विश्वविद्यालयको वर्ष 2023-को परीक्षामा नेपाली विषयमा सर्वाधिक अंक प्राप्त गर्ने मेधावी विद्यार्थी केशव दाहाललाई प्रेमलाल स्मृति शैक्षिक पुरस्कार प्रदान गरियो।

कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले अबउसो सरकारी अधिसुचनाहरू र सरकारी विज्ञापनहरू नेपाली भाषामा पनि जारी गरिने घोषणा गर्नुभयो। उहाँले प्रत्येक राज्यमा आफ्नो स्थानीय भाषालाई विकास गरेर लानुपर्ने केन्द्र सरकारको योजनाको उल्लेख गर्दै अब नेपाली शब्दकोष सबै विद्यार्थीहरूलाई उपलब्ध गराउने पहल गरिने बताउनुभयो। मुख्यमन्त्रीले सबैसित आ-आफ्नो वैष भुषाको संरक्षण र सम्बर्धन गर्न आवहान गर्दै नेपाली साहित्य परिषद सिक्किमलाई प्रत्येक वर्ष दश लाख रुपियाँको सहयोग राशि प्रदान गरिने पनि घोषणा गर्नुभयो।

मुख्यमन्त्री श्री तामाङले भन्नुभयो, हाम्रो भाषा केवल सञ्चारको माध्यममात्र नभएर हाम्रो संस्कृति, परम्परा, सम्पदा र पहिचानको बहुमूल्य भण्डार हो। उहाँले भन्नुभयो, हामीले पूर्व मुख्यमन्त्री स्वर्गीय नरबहादुर भण्डारी र पूर्व सांसद श्रीमती दिलकुमारी भण्डारीसहित भाषा आन्दोलनमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा योगदान पुऱ्याउने प्रत्येक व्यक्तिको अमूल्य योगदानलाई मान्यता दिनका साथै प्रशंसा गर्नुपर्छ।

उहाँहरूको संघर्षले आजको सामूहिक उत्सवका लागि मार्ग प्रशस्त गरेको बताउँदै मुख्यमन्त्रीले यो उहाँहरूको संकल्प र योगदानप्रति श्रद्धाञ्जली हो भनी बताउनुभयो। श्री तामाङले भन्नुभयो, प्रत्येक भाषाको सम्मान हुने, सबैको संस्कृति र परम्परालाई पूर्ण रूपमा समर्थन र सम्मान गर्ने राज्यमा अनुकूल वातावरण सिर्जना गर्न सरकार पूर्णरूपमा प्रतिबद्ध छ। यस अवसरमा मुख्यमन्त्रीले राज्यवासी लगायत देश-विदेशमा रहँदै गरेका नेपाली भाषीहरूलाई भाषा दिवसको शुभकामना दिनुभयो।
यो दिवस राज्यका अन्य भागमा पनि भव्य रूपमा पालन गरियो।

---------------------------------------X---------------------------------------

**Landslide**

सिङताम नजिक दिपुडाँड़ा, बालुटारमा व्यापक पहिरो जाँदा छहवटा घर प्रभावित बनेका छन्। प्रभावित घरका मालिकहरूमा कालु छेत्री, कूलबहादुर सुब्बा, आनन्द तामाङ, धनराज राई, निरूहाङमा सुब्बा र तरनबहादुर छेत्री रहेका छन्।

यो घटना आज बिहान लगभग सात बजेर तीस मिनटमा घटेको हो। यसबाट सिङताम-डिक्चु मार्गको अवस्था गम्भीर बनेपछि सिङतामबाट डिक्चुतर्फ जाने वाहनहरूलाई अस्थायी समयका लागि दोछुम तर्फ मोड़िएको छ।

गान्तोकका जिल्लापाल श्री तुसार निखारेले खामदोङका प्रखण्ड अधिकारी, खान तथा भूविज्ञानका वरिष्ठ भूवैज्ञानिक, ग्रेफका OC, जिल्ला पञ्चायत एवं अन्यको साथमा घटनास्थलको निरीक्षण गर्नुभयो।

पहिरो प्रभावित घरहरू खाली गरेर पीड़ित परिवारलाई राहत शिविरको रूपमा स्थापित गरिएको बालुटारस्थित NHPC-को अतिथि गृहमा सारिएको छ, जसको जिम्मेवारी खामदोङका प्रखण्ड अधिकारीलाई सुम्पिको छ।

यसका साथै NHPC-का Plant प्रमुखद्वारा टिस्टा चरण पाँच परियोजनाको GIS भवन पहिरोका कारण प्रभावित भएको जानकारी गराइएको छ। दिल्लीको तक्निकी टोलीले अवस्थाको जायजा लिएर NHPC site-को पुनर्बहालको उपायबारे सिफारिस गर्न घटना स्थलको भ्रमण गर्ने बताइएको छ।
यसैबीच, गान्तोकका जिल्लाधीशले प्रखण्ड अधिकारीलाई पहिरोका कारण क्षतिग्रस्त बनेको सड़क पुनर्बहालको कार्य तत्काल शुरू गर्ने निर्देश दिनुभएको छ। प्रखण्ड अधिकारीले पनि जतिसक्तो छिटो सड़क मार्गलाई सुचारू गर्ने आश्वासन दिनुभयो।

खान एवं भूविज्ञान विभागलाई अल्पकालिक र दीर्घकालिक पुनर्बहालीको कार्यको सुझाउ दिँदै पहिरोको विस्तृत अनुसन्धान गर्न थप निर्देश दिइएको छ।

---------------------------------------X---------------------------------------

**Sports**

होलीक्रस विद्यालयकी स्म्रुती सेन साहु महिला वर्गमा र Sir Tashi Namgyal वरिष्ठ माध्यमिक विद्यालयका आराध्या राज पोख्रेल पुरूष वर्गमा अन्तर विद्यालय चेस च्याम्पियनसिप 2024-का विजेता बनेका छन्। TNSSS-को प्रेक्षा गृहमा सम्पन्न प्रतियोगितामा छउजाचेन विद्यालयकी श्रीजना शर्मा र किडजी विद्यालय, सिङतामकी मनासिभ आचार्य महिला वर्गमा दोस्रो र तेस्रो बनेका छन्। यसैगरी पुरूष वर्गमा PM श्री सरकारी विद्यालय सामदोङका प्रसान्त नेपाल र वेस्ट पोइन्ट विद्यालयका N हिट्लर दोस्रो र तेस्रो बनेका छन्।

आज दिउँसो सम्पन्न प्रतियोगिताको समापन समारोहमा राज्य सूचना आयुक्त श्री कुबेर भण्डारी मुख्य अतिथि हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------